# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फाल्गुन २२ गते २०१८ साल

### नेपाल लोकसेवा आयोगको विज्ञापन

न. ११५

सि. ास. ९फ आफस अन्तर्गत विभिन्न ठांउहरुमा निम्न लेखिएबमोजिम पदहरू चाहिएका छन् । योग्य नेपाली उम्मेदवारहरुले यस आयोगको दरखास्त फाराम नं १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी निम्नलिखित दरखास्त दस्तूर निम्न-लिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउनु वा बुझाउनुपर्छ । दरखास्त दिंदा आफूले पाएको शुरुदेखिको सक्कल प्रमाणपत्रहरूको नक्कल र मार्कशीटको नक्कलहरू एवं नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ । पेश गरेको प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिन साथै लिई आउनुपर्छ । योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी तल लेखिएको मितिमा यस आयोगसंग सम्पर्क राख्नु पर्छ उम्मेदवारले यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको निमित्त अर्को सूचना गरिनेछैन ।

दरखास्तको म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्माभई सबलाई असुविधा हुने हुंदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, दरखास्त दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन ।



६२१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा दरखास्त दस्तूरसहित विभागीय प्रम (विभागीय प्रमूख ढाढाभए अड्डा प्रमूख)को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक गढी गौडा तथा गोस्वाराहरूमा पनि पाइने छ। एक फारामको निमित्त ने. रू. ।१० पैसा मोल तिरी सोझै यस आयोग-बाट चहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनुपर्छ ।

१. पद र स्थानः- सि. सि. एफ. अफिसलाई १६ जना रेञ्जर ननगजटेड प्रथम श्रेणी. ( प्राविधिक वन सेवा ) स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः- रेन्जर कोर्ष पास भएको ।

३. वांछनीय योग्यताः- वन सेवामा अस्थायी काम गरी अनुभव प्राप्त गरेको शारीरिक मेहनत गर्नसक्नेलाई विशेष ग्राहयता दिइनेछ ।

४. मासिक तलवको स्केलः- तलब ने.रू० २००। देखि ३७५। सम्म ।

५. दरखास्त दस्तूरः- नगद ने०रू० १।५० एक रुपैयां पचास पैसा ।

६. परीक्षा दस्तूरः-नगद ने०रू० १२।बान्ह रुपैयाँ ।

७. दरखास्त आयोगमा आइपुग्नपर्ने मितिः- २०१९।१।१४।५

८. सम्पर्क मितिः-२०१८।१।२२।६

९. उमेरः- उम्मेदवारहरूको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

१० परीक्षा लिखित परीक्षा दुईपत्रको हुनेछ। परीक्षाको स्तर निम्नलिखित विश्वविद्यालयको इन्टर मिडियट परीक्षा सरह हुनेछ । परीक्षामा निम्नलिखित विषयको २ पत्र रहने छ ।

(१) प्रथमपत्रः- साधारण अंगूजी र अन्य विषयमा सामान्यज्ञान १००

(२) द्वितीय पत्रः वन सम्बन्धी १००

आज्ञाले
विनोदप्रसाद धिताल।
सचिव
लोकसेवा आयोग ।



६२२

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।